# स्थानीय राजपत्र

बोगटान फुड्सिल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड :-६ संख्या :-६ मिति :-२०८०/०३/१५


## भाग- २

# बालश्रम मुक्त गाउँपालिका (कार्यक्रम कार्यान्वयन) कार्यविधि, २०८०

प्रस्तावना :

बोगटान फुड्सिल गाउँपालिकामा बालश्रम न्यूनीकरणको लागि बिभिन्न कार्यक्रमहरु व्यवस्थित रुपमा सञ्चालन गरि बालश्रम मुक्त गाउँपालिका घोषणा गर्ने अभियान अगाडि बढाउन कार्यविधि तयार गर्न वाञ्छनीय भएकोले बालश्रम मुक्त गाउँपालिका स्थापना गर्ने उद्देश्यका साथ नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरि यो बालश्रम मुक्त गाउँपालिका (कार्यक्रम कार्यान्वयन) कार्यविधि, २०८० निर्माण गरि जारी गरिएको छ ।

## परिच्छेद्–१ : प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम 'बालश्रम मुक्त गाउँपालिका (कार्यक्रम कार्यान्वयन) कार्यविधि २०८०' रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाको बैठकबाट पारित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) 'गाउँपालिका' भन्नाले बोगटान फुड्सिल गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) 'उद्दार' भन्नाले कानून विपरित श्रमिकका रूपमा कार्य गर्न बाध्य पारिएका बालबालिकालाई तत्काल उद्दार गरि थप जोखिम हुनबाट जोगाउन अख्तियार प्राप्त निकायको पहलमा छुटकारा गराउने कार्य सम्झनु पर्छ ।

(ग) 'ऐन' भन्नाले नेपालको बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ लगायतका बालअधिकारसँग सम्बद्ध अन्य ऐनहरुलाई सम्झनु पर्छ ।

(घ) 'बालबालिका' भन्नाले १८ वर्ष उमेर पूरा नगरेका सवै बालबालिकाहरुलाई सम्झनु पर्दछ ।

(ङ) 'बालश्रम' भन्नाले ऐनमा उल्लेख भए बमोजिमका कुराहरुलाई सम्झनु पर्दछ ।

(च) 'घरेलु सहायक' भन्नाले मुलुकी देवानी संहिता, २०७४ को दफा ६४३ अनुसार घरव्यवहारको काममा आवश्यकता अनुसार जुनसुकै बखत काममा लगाउन सकिने गरि काममा लगाइएको व्यक्ति सम्झनु पर्दछ ।

(छ) 'रोजगारदाता' भन्नाले कुनै प्रतिष्ठान वा व्यवसायको क्रियाकलापमा अन्तिम निर्णय लिने व्यक्ति सम्झनु पर्दछ र सो शब्दले अन्तिम जिम्मेवारी वा अधिकार प्रयोग गर्न पाउने गरी प्रतिष्ठान वा व्यवसायको भए कुनै भाग, इकाइ वा गृहको प्रमुख पदमा नियुक्त भएको व्यक्ति र अनौपचारिक रुपमा काममा लगाउने व्यक्तिसमेतलाई जनाउँछ ।

(ज) 'जोखिमपूर्ण कामहरु' भन्नाले अनुसूची-१ अनुसारका कार्यहरु सम्झनु पर्दछ ।

(झ) 'प्रतिष्ठान' भन्नाले कुनै उद्योग, व्यवसाय वा सो सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम सञ्चालित कुनै कलकारखाना, व्यवसाय, संगठन, संस्था, फर्म, कम्पनी वा तिनीहरुको समूह तथा अनौपचारिक रूपमा सञ्चालित कार्यस्थललाई सम्झनु पर्दछ ।

(ञ) 'बालश्रम अनुगमन समिति' भन्नाले यस कार्यविधि बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

३. **कार्यविधिको उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् :

(क) बालश्रम अनुगमन सम्वन्धी कार्यको संयन्त्र, विधि र प्रक्रिया परिभाषित गर्न एवं सम्बन्धित सबै सरोकारवालाहरूको भूमिका प्रष्ट पार्न,

(ख) प्रचलित कानून विपरित श्रममा संलग्न गराइएका बालबालिकाको उद्दार गरि उनीहरूलाई परिवार तथा समुदायमा पुनर्मिलन, पुनर्एकिरण एवं पुनर्स्थापना गर्न,

(ग) बालश्रम न्यूनीकरण र नियमन गर्दै गाउँपालिकालाई बालश्रम मुक्त घोषणा गर्ने आधार तयार गर्न,

(घ) कानून विपरित बालबालिकालाई श्रममा लगाउने व्यक्ति, व्यवसायी, प्रतिष्ठानलाई कानूनी दायरामा ल्याउन ।

## परिच्छेद्-२ : बालश्रम अनुगमन सम्वन्धी व्यवस्था

४. **बालश्रमको अनुगमन गर्नुपर्ने** : (१) अनुगमन समितिले आफ्नो क्षेत्रभित्र बालश्रमको अवस्थाबारे आवधिक रूपमा अनुगमन गनेछ ।

(२) उपदफा (१) अनुसार अनुगमन गर्दा देहायका बिषयहरुको अवस्था हेर्नु पर्नेछ :

(क) कानुनले तोकेको उमेर नपुगेका बालबालिका (१४ वर्ष पूरा नगरेका) लाई गाउँपालिकाभित्र श्रममा लगाएको वा श्रममा लगाउनका लागि गाउँपालिका भन्दा बाहिर पठाएको ।

(ख) ऐन बमोजिम प्रक्रिया पुरा नगरि १८ वर्ष नपुगेकालाई काममा लगाएको ।

(ग) जोखिमपूर्ण काममा संलग्न गराएको,

(घ) कानुनले तोकेको उमेर पुगेका बालबालिकालाई श्रमिकको रूपमा काममा लगाउँदा तोकिएको शर्त (बिहान ६ बजेदेखि बेलुका ६ बजे भित्र मात्र काममा लगाउने, दिनमा ६ घण्टा र एक हप्तामा ३६ घण्टाभन्दा बढी काममा नलगाउने, ३ घण्टा काम गरेपछि आधा घण्टा आराम गर्ने समय र प्रत्येक हप्ताको १ दिन तलबी विदा दिने) पुरा नगरिएको,

(ङ) श्रमिक बालबालिकाको स्वास्थ्य र सुरक्षा सम्वन्धी उपयुक्त व्यवस्था एवं शिक्षा तथा सीप विकासको व्यवस्था नगरिएको,

(च) तोकिए बमोजिम पारिश्रमिक तथा सुविधा नदिइएको एवं पारिश्रमिक तथा सुविधामा लिङ्ग, वर्ण, जात, जाति, आस्था तथा उमेरका आधारमा भेदभाव गरिएको,

(छ) निज बालबालिकालाई परिवार तथा आमाबुबासँग नियमित सम्पर्क गर्न नदिइएको,

(ज) निज बालबालिकालाई हेलाँ, दुर्व्यवहार, हेलचेक्राई, शोषण, कुटपिट जस्ता अमानवीय व्यवहार गरिएको

(झ) बालबालिकाको नाम र ठेगाना; बाबु, आमा वा संरक्षकको नाम, ठेगाना; जन्ममिति वा उमेर; काममा लगाइएको मिति; कामको प्रकृति, काम गर्नुपर्ने समय र आराम गर्ने समय; पारिश्रमिक वा अन्य सुविधाहरू लगायतका विवरण भएको दर्ता किताब राखिएको वा नराखिएको

३) उपदफा (१) बमोजिम अनुगमन गर्दा अन्य कुराको अलावा देहायका कुराहरूका ध्यान दिनु पर्छ :

(क) अनुगमनमा जाँदा अनुसूची-२ अनुसारको अनुगमन फाराम तथा अन्य सामग्रीको निर्धारण तथा व्यवस्थापन गर्नु पर्नेछ ।

(ख) कार्यस्थलमा अनुगमनका क्रममा बालश्रमसँग सम्वन्धित अर्थात् प्रमाण लाग्ने चिज वस्तुहरू भएमा सोको टिपोट गर्ने, फोटोग्राफ लिने र त्यस्ता वस्तुहरू बरामद् वा शिलबन्दी गर्नु पर्नेछ ।

(ग) श्रममा संलग्न बालबालिकासँग कुराकानी गर्ने र अन्य वयस्क कामदार तथा कर्मचारीसँग सोधपुछ गर्नु पर्नेछ ।

(ङ) बालबालिकासँग कुराकानी गर्दा बालमैत्री वातावरणमा उनीहरूलाई थप जोखिममा नपार्ने गरि तथा बाल संवेदनशीलता एवं बाल संरक्षण सम्वन्धी आचारसंहिता बमोजिम गर्नु पर्नेछ ।

(च) कानुन बमोजिम उमेर पुगेका बालबालिका श्रममा संलग्न भएको अवस्थामा प्रचलित कानुन बमोजिम केही पक्षमा सुधार गर्नुपर्ने भए तत्काल गर्न सकिने खालका तत्कालै र समय लाग्ने कुराहरूमा व्यवस्थापकबाट समयाबद्ध सुधारको योजना मागी मनासिब समय दिई सुधार गर्न लगाउनु पर्नेछ ।

५. **जानकारी दिई वा नदिई अनुगमन गर्न सक्ने** : (१) बालश्रम अनुगमन समितिले बालबालिकालाई श्रममा संलग्न गराएको हुन सक्ने सम्भावित उद्योग, प्रतिष्ठान, घर, होटेल, यातायात लगायतमा अग्रीम जानकारी दिई वा नदिई प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा स्थानीय तहको जनप्रतिनिधि र स्थानीय प्रहरीको प्रतिनिधित्व गराउनु पर्छ ।

६. **प्रतिवेदन तयार गर्नु पर्ने** : (१) बालश्रम अनुगमन समितिले यस कार्यविधि बमोजिम बालश्रमको अनुगमन गर्दा अनुसूची-३ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन अनुगमन भएको मितिले ३ दिनभित्र गाउँपालिकामा बुझाउनु पर्नेछ ।

(३) अनुगनमनको क्रममा उच्च जोखिम अवस्थाको श्रममा संलग्न बालबालिका पाइएको खण्डमा समितिले उक्त प्रतिवेदनलाई उजुरीको रूपमा लिई बालबालिकाको उद्दार गर्न तथा बालबालिकालाई श्रममा लगाउने व्यक्ति, उद्योग वा प्रतिष्ठान लगायतलाई अनुसन्धान तथा कारवाहीका लागि सम्वन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(४) समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको विज्ञ तथा बालअधिकार संरक्षणको क्षेत्रमा क्रियाशील संस्थाका प्रतिनिधिलाई बैंठकमा आमन्त्रण गर्न सक्नेछ ।

७. **बालश्रम अनुगमन समिति गठन** : (१) गाउँपालिकाले बालश्रम अनुगमन गर्नका लागि "बालश्रम अनुगमन समिति" गठन गर्नु पर्नेछ । बालश्रम अनुगमन समिति देहाय बमोजिम गठन हुनेछ :

(क) गाउँपालिकाको उपाध्यक्ष–संयोजक

(ख) गाउँपालिकाभित्र रहेको नेपाल प्रहरीको अधिकृत प्रतिनिधि–सदस्य

(ग) बालअधिकारमा कार्यरत संघसंस्थाका प्रतिनिधि–सदस्य

(घ) सामाजिक विकास शाखा–सदस्य

(ङ) कार्यपालिकाका सदस्यमध्येबाट १ जना महिला सदस्य–सदस्य

(च) गाउँपालिकास्तरीय बालक्लव सञ्जालको प्रतिनिधि–सदस्य

(छ) स्थानीय सञ्चारकर्मी–सदस्य

(झ) महिला तथा बालबालिका शाखाको प्रमुख-सदस्य सचिव

८. **बैठक सम्बन्धी व्यवस्था** : (१) बालश्रम अनुगमन समितिको बैंठक ३ महिनामा एक पटक बस्नेछ । सदस्य सचिवले बैंठक बस्नु भन्दा कम्तीमा ३ दिन अगावै सदस्यहरूलाई जानकारी दिनु पर्नेछ ।

(२) समितिको बैंठकको लागि तत्काल कायम रहेका सदस्यहरूको ५१ प्रतिशत उपस्थितिलाई गणपूरक मानिनेछ । समितिको बैंठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षले निर्णायक मत दिनेछ ।

(३) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गरि अभिलेख राख्नेछ ।

(४) समितिले बैंठक सम्बन्धी अन्य कार्यविधि आफैं निर्धारण गरि व्यवस्थित गरे बमोजिम हुनेछ ।

९. **बालश्रम अनुगमन समितिको काम, कर्तव्य र अधिकार** : (१) बालश्रम अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकाभित्र रहेका कलकारखाना, उद्योग, प्रतिष्ठान तथा घरमा श्रममा संलग्न बालबालिकाको अवस्थाबारे नियमित अनुगमन गर्ने गराउने,

(ख) गाउँपालिकाभित्र श्रममा संलग्न रहेका र गाउँपालिका भन्दा बाहिर गई श्रममा संलग्न रहेका बालबालिकाको तथ्याङ्क अद्यावधिक गरि अभिलेख दुरूस्त राख्ने, यसरी अभिलेख राख्दा श्रममा संलग्न १८ वर्ष उमेर पूरा नगरेका बालबालिका, जोखिमपूर्ण काममा संलग्न

बालबालिका एवं कानुनसम्मत वा कानून विपरित श्रममा संलग्न गराइएका बालबालिकाको खण्डीकृत अभिलेख राख्ने,

(ग) बालश्रम सम्वन्धी तथ्याङ्क व्यवस्थित गर्न कम्प्युटरमा आधारित सूचना प्रणालीको स्थापना गर्ने,

(घ) गाउँपालिका क्षेत्रभित्र बालश्रमलाई नियमन र न्यूनीकरण गरि गाउँपालिकालाई बालश्रम मुक्त बनाउन योजना तर्जुमा गरि कार्यान्वयन गर्ने, गराउने तथा त्यसको आवधिक समिक्षा गरी आवश्यकता अनुसार परिमार्जन र कार्यान्वयन गर्ने,

(ङ) गाउँपालिका क्षेत्रमा बालश्रमको प्रयोगविरूद्ध सरोकारवाला संस्था, निकाय समेतलाई परिचालन गरि नियमित रूपमा सचेतना अभियान गर्ने गराउने,

(च) कानुनले तोकेको उमेर नपुगेका तथा तोकिएको शर्त र प्रक्रिया विपरित श्रममा संलग्न गराइएका बालबालिकाको उद्दार गर्ने, अल्पकालीन आवाश गृहमा राख्ने, स्वास्थोपचार र मनोसामाजिक सहयोग प्रदान गर्ने तथा पारिवारिक पुनर्मिलन एवं सामाजिक पुनर्स्थापना गर्ने गराउने,

(छ) कानुनसम्मत रूपमा श्रममा संलग्न गराइएका बालबालिकाको हकमा उनीहरूको शिक्षा, स्वास्थ्य, पारिवारिक सहयोग तथा पारिवारिक पुनर्मिलनका लागि रोजगारदाता, उद्योग, प्रतिष्ठान, गैरसरकारी संस्था, सरकारी निकायसँग समन्वय र सहकार्य गरि प्रतिबद्धता गर्ने गराउने,

(ज) कानुन विपरित बालबालिकालाई श्रमिकका रूपमा प्रयोग गरेका घर, उद्योग, प्रतिष्ठानका मालिकलाई कानुनी कारबाहीका लागि सम्वन्धित निकायमा सिफारिस गर्ने तथा गाउँपालिकाले निज रोजगारदातालाई प्रदान गर्ने सेवामा कडाई गर्ने,

(झ) गाउँपालिकामा बालश्रम विरूद्धका अभियान सञ्चालन गर्ने,

(ञ) श्रममा संलग्न बालबालिकाको उद्दार, अस्थायी बसोबास प्रबन्ध, पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनर्स्थापनाका लागि आवश्यक प्रक्रिया पुऱ्याई गाउँपालिकाको आपतकालीन बाल कोषको रकम परिचालन गर्ने गराउने,

(ट) समितिलाई तोकिएको काम, कर्तव्य र अधिकार परिपूर्तिका लागि गाउँपालिकाको तहबाट स्रोत (आर्थिक र मानवीय लगायत) को व्यवस्थापन गर्ने र सोही प्रयोजनका लागि सरकारी निकाय तथा बालबालिकाको हकअधिकारको क्षेत्रमा क्रियाशील संस्थाको स्रोत परिचालनको लागि समन्वय र सहकार्य गर्ने ।

(ठ) उद्दार गरिएका बाल श्रमिकहरुको पुनर्मिलन योजना बनाई कार्यान्वयन गर्ने,

(ड) परिवारमा पुनर्स्थापित गराइएका बाल श्रमिकहरु तथा उनीहरुका परिवारका लागि सामाजिक सुरक्षाबाट प्राप्त हुने छात्रवृत्ति लगायतका सेवा सुविधा पाए नपाएको यकिन गरि नपाएको भए उपलब्ध गराउनका लागि पहल गर्ने साथै पुनर्स्थापित गराइएका बालश्रमिकहरुको पारिवारिक लेखाजोखा गरि अति विपन्न परिवारको आर्थिक सुदृढिकरण गर्न सहयोगको सुश्चितता गर्ने ।

(ढ) श्रमिक बालबालिकाको अनुगमन, उद्दार, पुनर्एकिकरण, सहयोग एवं सामाजिक पुनर्स्थापना कार्य गर्दा बालबालिकाहरुको उच्चत्तम हित निर्धारण तथा सुनिश्चित गर्ने,

## परिच्छेद्–३ : बालश्रमिकको उद्दार सम्वन्धी व्यवस्था

१०. **जोखिम अवस्थाका श्रममा संलग्न बालबालिकाको उद्दार गर्नु पर्ने** : बालश्रम अनुगमन गर्दा देहायको अवस्था पाइएमा बालश्रम अनुगमन समितिले बालबालिकाको तत्काल उद्दार गर्नेछ :

(क) १४ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई श्रममा संलग्न गराइएको,

(ख) १८ वर्ष नपुगेका बालबालिकालाई जोखिमपूर्ण काममा संलग्न गराइएको,

(ग) श्रममा संलग्न बालबालिकामाथि भेदभाव (लिङ्ग, वर्ण, धर्म वा जातजातिको आधारमा समान काममा समान पारिश्रमिक र सुविधा नदिइएको), दुर्व्यवहार (शारीरिक, मानसिक तथा यौन दुर्व्यवहार), वा शोषण (शारीरिक वा मानसिक, यौन वा आर्थिक/श्रम शोषण) लगायतका दुर्व्यवहार वा अमानवीय व्यवहार वा कार्य भएको,

(घ) कामको प्रकृति वा काम गर्ने स्थानको वातावरणको कारणले गर्दा बालबालिकाको स्वास्थ्य र सुरक्षामा नकारात्मक असर पुगेको वा पुग्न सक्ने अवस्था देखिएको,

(ङ.) बेचबिखनमा पारी, ऋण असुलीका लागि वा बधुवा प्रकृतिको श्रममा संलग्न गराइएको वा निजको इच्छाविरूद्ध जवरजस्ती काममा लगाइएको,

(च) प्रचलित कानून विपरित वा कानूनको शर्त एवं प्रक्रियाको बर्खिलाप बालबालिकालाई श्रममा संलग्न गराइएको,

(छ) बालश्रम अनुगमन समितिले उद्दार गर्न आवश्यक ठानी निर्णय गरेको अन्य अवस्थाका बालबालिकाहरु

११. **उद्दार कार्यको तयारी गर्नु पर्ने** : (१) दफा १० बमोजिम बालबालिकाको उद्दार गर्नु पर्ने आवश्यकता देखिएमा बालश्रम अनुगमन समितिले योजना बनाई उद्दार कार्यको तयारी गर्नु पर्नेछ ।

(२) उद्दार कार्यको योजना बनाउँदा उद्दार गर्नु पर्ने बालबालिकाको संख्या, उद्दार गर्ने प्रक्रिया के हुने हो, उद्दार समितिमा को को रहने हो, उद्दार कहिले गर्ने हो र उद्दार गरिएका बालबालिकालाई कहाँ राख्ने हो भन्ने लगायतका पक्षहरूमा देहाय अनुसार कार्य गर्नु पर्नेछ ।

(३) उद्दार गर्नुपर्ने बालबालिकाको वैयक्तिक विवरण फाराम भरी सूचना जानकारी दुरूस्त राख्नु पर्नेछ ।

(४) बालश्रम अनुगमन समितिले आवश्यक ठानेमा उद्दार टोली गठन गर्न सक्नेछ ।

(५) उद्दार योजना बनाउँदा बालबालिका त्रसित हुने, आतङ्कित हुने तथा तनावमा आउने अवस्थालाई न्यूनीकरण गर्ने गरि योजना बनाउनु पर्नेछ ।

(६) उद्दारको योजना बनाउँदा उद्दारपछि बालबालिकालाई अन्तरीम हेरचाह र संरक्षणको लागि आवश्यक सेवाहरू र आर्थिक व्यवस्थापनबारे पर्याप्त तयारी भएको हुनु पर्नेछ ।

(७) बालबालिकाको अनुगमन, उद्दार, पुनर्एकिकरण, सहयोग एवं सामाजिक पुनर्स्थापना कार्य गर्दा बालबालिकाहरुको उच्चत्तम हित निर्धारण तथा सुनिश्चित गर्ने ।

(८) बाल श्रमिकको उद्दार तयारीको अवस्थामा सूचनाको गोपनीयताको ख्याल राख्ने पर्नेछ ।

१२. **तत्काल उद्धार गर्नु पर्ने** : (१) उद्दार योजना बनेपछि र उद्दार टोलीको योजना बैठक बसेपछि जति सक्दो छिटो तत्काल उद्दार कार्य गर्नु पर्नेछ ।

(२) उद्दार गर्नुपर्ने अवस्थामा रहेका बालबालिका आपराधिक कार्यबाट पीडित भएको हुने हुनाले निजको कानुनी उपचार तथा पीडकलाई प्रचलित कानुन अनुसार कारबाही गर्नुपर्ने भएकोले घटनास्थलको अनुसन्धान एवं मुचुल्का समेत तयारी गर्नको लागि र उद्दार कार्यको सुरक्षाको लागि सम्बन्धित श्रम कार्यालय, जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालयलाई खबर गरी तत् कार्यालयका प्रतिनिधिहरूलाई उद्दार कार्यमा संलग्न गराउनु पर्नेछ ।

(३) उद्दार गर्दा देहायका कुराहरूमा ध्यान दिनु पर्छ :

(क) उद्दार गर्नुपूर्व टोलीका सदस्यहरू घटनासँग सम्बन्धित कानुनी व्यवस्था, उद्दार कार्य र उद्दारपछिको भूमिका तथा कार्यविधि र जिम्मेवारीबारे स्पष्ट हुनु पर्ने,

(ख) श्रमिकका रूपमा कार्यरत बालबालिकासँग कुराकानी गर्दा बालमैत्री बोली, व्यवहार, शैली र विधिहरू अपनाउनु पर्ने । यसरी बालबालिकासँग कुराकानी वा अन्तर्वार्ता गर्दा त्यसबारे सीप र दक्षता भएको व्यक्तिले गर्ने व्यवस्था गर्नु पर्छ । उनीहरूलाई थप हानी नपुऱ्याउने गरी गर्नु पर्ने,

(ग) उद्दार कार्य गर्दा श्रमिकका रूपमा कार्यरत बालबालिकाको मर्यादा, आत्मसम्मान, सुरक्षालाई विशेष ध्यान दिनुपर्ने,

(घ) उद्दार गर्नुपर्ने बारे सम्वन्धित बालबालिकालाई जानकारी गराई सहमत गराउन प्रयास गर्नु पर्ने । सम्भव भएमा निजका बाबु आमा वा संरक्षकलाई समेत जानकारी दिनु पर्ने,

(ङ) उद्दारको क्रममा बालबालिकालाई त्रास, भय, मानसिक तथा शारीरिक पीडारहित वातावरणमा सो कार्य सम्पन्न गर्ने कुरा सुनिश्चित गर्नु पर्ने ।

(च) उद्दार गरिएको विषयमा अभिलेख तथा कागजातको तयारी (उद्दारको निर्णय, घटनास्थल वा बरामदी मुचुल्का, संरक्षणको जिम्मा दिनको लागि पत्र, बालबालिका उद्दार गरिएको बारे सम्वन्धित घरधनी (घरेलु बालश्रमका सम्वन्धमा), उद्योग/प्रतिष्ठानका मालिक वा व्यवस्थापकलाई उद्दार गरिएको व्यहोराको जानकारी आदि) गर्ने,

(छ) उद्दार टोलीका सदस्यहरूले अनावश्यक रूपमा बालबालिकासँग नजिकिने, छुने, बोल्ने, अशिष्ट भाषा वा शब्दको प्रयोग गर्ने, व्यक्तिगत प्रकृतिका प्रश्न गर्ने जस्ता कार्यहरू गर्न नहुने ।

(४) उद्दार कार्यमा संलग्न प्रहरी कर्मचारीले बालबालिकाको उद्दार गर्दा कानुनी कारबाहीका सन्दर्भमा प्रमाण लाग्ने वस्तुहरू फेला परेमा ती वस्तुहरू बरामद गरी वा शिलबन्दी गरी प्रचलित कानुन बमोजिम मुचुल्का तयार गर्नु पर्छ । साथै, कानुनी प्रमाणको संकलन तथा बालबालिका वा निजको बाबु, आमा वा संरक्षकलाई कानुनी प्रक्रियाबारे परामर्श दिनु पर्छ ।

(५) उद्दार गर्दा बालबालिकाले प्रयोग गरिरहेका नीजि वस्तु तथा भौतिक सामग्री (जस्तैः पुस्तक, कापी कलम, कपडा, नगद, जिन्सी, गहना, खेलौना आदि) को अभिलेख तयार गरी ती सामग्री बालबालिकासँगै ल्याउनुपर्छ । ति सामग्रीहरूलाई सुरक्षित गरि बालबालिका रहने अस्थायी संरक्षण गृह वा परिवारमा पुनर्मिलन भई गएमा वा पुनर्स्थापना भई गएमा उनीहरूसँगै पठाई सम्वन्धित बालबालिकालाई जिम्मा दिनुपर्छ ।

**१३. उद्दार कार्य सम्पन्न भएपछि बालबालिकाको स्वास्थ्य परीक्षण गरी अस्थायी संरक्षण गृह/स्थलमा राख्नुपर्ने :** (१) उद्दार गरिएका बालबालिकाको तत्काल स्वास्थ्यकर्मीबाट स्वास्थ्य परीक्षण गराई, घाउ

वा चोटपटक लागेको भएमा सोको जाँच गराई, निजको व्यक्तिगत फारम (अनुसूची-४) भरी, भराई निजलाई अस्थायी संरक्षण गृह/स्थलमा राख्नु पर्छ ।

(२) उद्दार गरिएका बालबालिकाको सुरक्षा तथा संरक्षणलाई पहिलो प्राथमिकता दिनुपर्छ ।

(३) सानो उमेरका बालबालिका, शारीरिक तथा मानसिक अपाङ्गता भएका बालबालिका, बिरामी र घाइते अवस्थामा रहेका बालबालिकालाई उद्दार गर्दा तिनीहरूको विशेष आवश्यकतालाई ख्याल गर्नुपर्छ । साथै सेवा सुविधाको प्रबन्ध गर्दा उनीहरूलाई प्राथमिकता दिनु पर्छ ।

(४) उद्दार गरिएका बालबालिकामा मनोसामाजिक समस्या देखिएमा मनोविमर्श सेवाको व्यवस्था गर्नु पर्छ ।

(५) उद्दारपछि पीडित बालबालिकालाई आउन सक्ने धम्की र त्रासबाट जोगाउन तथा थप आघात हुनबाट जोगाउन, बालबालिका राखिएको स्थानको जानकारी पीडकलाई दिने जस्ता कार्य गर्नु हुँदैन ।

१४. **उद्दार गरिएका बालबालिकाको घटना व्यवस्थापन गर्नु पर्ने** : (१) बालश्रमबाट उद्दार गरिएका बालबालिकाको पुनर्स्थापनाका लागि हरेकको घटना व्यवस्थापन गर्नु पर्नेछ ।

(२) घटना व्यवस्थापन गर्नका लागि गाउँपालिकाको महिला तथा बालबालिका शाखा प्रमुखलाई घटना व्यवस्थापकको रूपमा नियुक्त गर्न सकिनेछ ।

१५. **उद्दार कार्यको प्रतिवेदन तयार गर्ने एवं उद्दार गरिएका बालबालिकाको अभिलेख राख्नु पर्ने** : (१) उद्दार कार्यको प्रारम्भिक र विस्तृत प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्नेछ ।

(२) बालश्रमिकलाई उद्दार गरि सुरक्षित स्थलमा ल्याइसकेपछि बालबालिका र उनको बाबुआमा, संरक्षक तथा परिवारको विवरण; उद्दार गरिएको घटना विवरण; बालबालिकाको हालको अवस्था; उद्दारपछिको अस्थायी संरक्षण व्यवस्था एवं आवश्यक सेवासुविधा सहित उल्लेख गरि अनुसूची-५ अनुरूप प्रारम्भिक अभिलेख तयार गरी राख्नु पर्छ ।

(३) उद्दार कार्य सम्पन्न भएको ३ दिनभित्र उद्दार कार्यको प्रक्रिया र उद्दार गरिएका बालबालिकाको विवरण र अवस्था सहितको प्रारम्भिक अभिलेख तयार गर्नु पर्नेछ ।

(४) उद्दार कार्य सम्पन्न भएको ७ दिनभित्र उद्दार गरी अस्थायी संरक्षण स्थलमा राखिएको, परिवारमा पुनर्मिलन गरिएको वा समाजमा पुनर्स्थापना गरिएको वा सो सम्वन्धमा भएको कार्य समेत समावेश गरि विस्तृत प्रतिवेदन तयार गरि अभिलेख राखिनेछ ।

(५) यस दफा बमोजिम तयार गरिएको प्रतिवेदन जिल्ला प्रशासन कार्यालय, डोटी, श्रम कार्यालय, धनगढी कैलाली र गाउँपालिकामा पेश गरिनेछ ।

(६) अभिलेखीकरण गरिएका सबै प्रतिवेदन तथा दस्तावेज गाउँपालिकाको महिला तथा बालबालिका शाखामा गोपनीयता कायम हुने गरी राख्नु पर्नेछ ।

## परिच्छेद ४ : अस्थायी संरक्षण सम्वन्धी व्यवस्था

१६. **उपलब्ध सेवा तथा सेवा प्रदायकको नक्साङ्कन गर्नु पर्ने** : (१) गाउँपालिकामा बालश्रमको अनुगमन, श्रममा संलग्न बालबालिकाको उद्दार, अस्थायी संरक्षण, परिवारमा पुनर्एकीकरण एवं समाजमा पुनर्स्थापना लगायतका सन्दर्भमा आवश्यक सेवा तथा सेवा प्रदायकको नक्साङ्कन गर्नु पर्नेछ ।

(२) नक्साङ्कनपछि बालश्रम अनुगमन प्रणालीको प्रत्येक चरणका लागि प्राथमिक सेवा प्रदायक छनौट गरी अग्रिम रूपमा सम्झौता गर्नु पर्छ ।

**१७. बालश्रमिकलाई अस्थायी संरक्षण तथा सेवा उपलब्ध गर्नु पर्ने** : (१) उद्दार कार्य सम्पन्न भएपछि बालश्रमिकको स्वास्थ्य परीक्षण गर्नु पर्नेछ । उद्दार गरिएका बालबालिका बिरामी भए स्वास्थ्य उपचारको व्यवस्था गर्नु पर्नेछ । साथै, बालबालिकामाथि शारीरिक वा मानसिक दुर्व्यवहार, शोषण वा यातना दिइएको लक्षण देखिएमा प्रहरीसँग समन्वय गरि स्वास्थ्य जाँच गरि, गराई प्रमाणहरू संकलन गर्नु पर्नेछ ।

(२) उद्दार कार्य सम्पन्न भएपछि बालबालिकालाई अस्थायी संरक्षणमा सुरक्षित स्थलमा राख्नु पर्नेछ ।

(३) उद्दार गरिएका बालबालिकाको उमेर पहिचान गर्ने प्रमाण (जस्तैः जन्मदर्ता प्रमाणपत्र, विद्यालयको शैक्षिक प्रमाणपत्र आदि) नभएको खण्डमा कानुनी कारबाहीको लागि आवश्यक देखिएमा उमेर पहिचानको लागि चिकित्सा जाँच गर्न गराउनु पर्नेछ ।

(४) अस्थायी संरक्षणको प्रबन्ध गर्दा सेवा प्रदायक संस्था वा गाउँपालिकाभित्र वा जिल्लामा सञ्चालनमा रहेको सेवामा सिफारिस गरि पठाउन सकिनेछ ।

(५) उद्दार कार्यको तयारी चरणमा नै बालबालिकालाई उद्दारपछि कहाँ राख्ने, उक्त स्थान सुरक्षित छ वा छैन, उनीहरूका लागि आवश्यक भोजन, बसोबास, लत्ताकपडा, हेरचाह गर्ने सहयोगी व्यक्ति लगाएको योजना गर्नु पर्नेछ ।

(६) बालबालिकालाई आवश्यक पर्न सक्ने सामाजिकीकरण, मनोसामाजिक विमर्श, कानुनी परामर्श तथा सहयोग, परिवार पहिचान तथा परिवारको तयारी, परिवारमा जीविकोपार्जन सहयोगको व्यवस्थापन गर्नु पर्नेछ ।

(७) परिवारमा पुनर्मिलन तथा समाजमा पुनर्स्थापना हुन नसक्ने बालबालिकाको हकमा सम्वन्धित गाउँपालिकाको निर्णयबाट वैकल्पिक हेरचाहमा पठाउन समन्वय र सहकार्य गर्नु पर्नेछ ।

**१८ बालबालिकाको पुनर्एकीकरण तथा पुनर्स्थापनाको प्रबन्ध** : (१) उद्दार गरिएका बालबालिका गाउँपालिकाभित्रका भए वडास्तरीय बालअधिकार संरक्षण समितिमार्फत अभिभावकहरूलाई जिम्मा लगाउनु पर्नेछ ।

(२) उद्दार गरिएका बालबालिका गाउँपालिका भन्दा बाहिरका भएमा सम्वन्धित स्थानीय तहका प्रमुखलाई निज बालबालिकाको बारे जानकारी दिने निजको परिवारसँग सम्पर्क सम्वन्ध स्थापित गर्ने र स्थानीय तहको रोहबरमा सम्वन्धित परिवारलाई जिम्मा लगाउन पर्नेछ ।

(३) उद्दार गरिएका बालबालिका देश बाहिरका भएमा उनीहरूको पुनर्स्थापना गर्दा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र केन्द्रीय बालअधिकार परिषद् लगायत केन्द्रीय तहका समिति वा संयन्त्रमार्फत सम्वन्धित देशको सम्वन्धित निकाय वा दुतावास मार्फत समन्वय वा सम्पर्क स्थापित गरि पुनर्स्थापनाको प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

## परिच्छेद्–५ : बिविध

१९. **औपचारिक शिक्षाको निरन्तरता :** (१) परिवारमा पुनर्मिलन भएका वा समुदायमा पुनर्स्थापना भएका बालबालिकाको उमेर अनुसार गाउँ शिक्षा समिति लगायतका सेवा प्रदायकमार्फत औपचारिक शिक्षा एवं सीप विकासको सुनिश्चितता गर्न सघाउनु पर्नेछ। यसको लागि विद्यालयसँग सहकार्य गर्ने तथा समुदायमा स्वीकार्यताको वातावरण मिलाउन सेवा प्रदायक संस्थालाई परिचालित गर्न सकिनेछ।

२०. **अनुगमन तथा निरन्तर-कार्य (फलो अप)** : (१) बालबालिका परिवारमा पुनर्मिलन भई गएको वा समाजमा पुनर्स्थापना भई गएकोमा निजको अवस्थाबारे कम्तिमा ६ महिनासम्म बालबालिका तथा उनको परिवारसँग नियमित अनुगमन तथा निरन्तर-कार्य (फलो अप) गर्नु पर्नेछ।

(२) परिवारमा पुनर्मिलन भएका वा समुदायमा पुनर्स्थापना भएका बालबालिकासँग सेवा प्रदायक संस्थालाई परिचालन गरि वैयक्तिक कार्य (घटना व्यवस्थापन) लाई कम्तिमा ६ महिनासम्म निरन्तरता दिनु पर्नेछ।

(३) परिवारमा पुनर्मिलन भएका वा समुदायमा पुनर्स्थापना भै गएका बालबालिकाको स्थितिबारे अनुगमन तथा निरन्तर-कार्य (फलो अप) को अभिलेख राख्नु पर्छ।

२१. **कार्यविधि परिमार्जन तथा संशोधन** : (१) यस कार्यविधिको कार्यान्वयनका क्रममा आवश्यकता अनुसार परिमार्जन तथा संशोधन गर्ने अधिकार गाउँकार्यपालिकालाई हुनेछ।

२२. **बाधा अडकाउ फुकाउ** : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा ब्याख्या गर्ने अधिकार बोगटान फुड्सिल गाउँकार्यपालिकालाई हुनेछ।

२३. **खारेजी र बचाउ** : यो कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै वमोजिम र अन्य कुराको हकमा प्रचलित ऐन कानुन वमोजिम हुनेछ।

## अनुसूची–१
(दफा २ को (ज) संग सम्वन्धित)

**जोखिमपूर्ण कामहरु**

१. आवास, होटेल, जुवाघर, रेष्टुराँ, बार
२. कार्यशाला, प्रयोगशाला, पशु बधशाला
३. यातायातका साधनहरु, निर्माण कार्य
४. मदिरा, धुम्रपान तथा सुर्तिजन्य पदार्थको उत्पादन, बिक्री बितरण र ओसारपसार
५. किटनाशक बिषाधीको बिक्री बितरण र ओसार पसार
६. फोहर मैला संकलन, प्रसोधन र ओसारपसार
७. पानीमुनी, जमिनमुनी र धेरै उचाईमा चढेर गर्ने कार्यहरु
८. रसायनिक पदार्थको सम्पर्क हुने कार्यहरु
९. भारी बोक्ने
१०. प्रचलित कानून वमोमिज तोकिएका अन्य जोखिमपूर्ण कार्यहरु

# अनुसूची-२

(दफा ४ को उपदफा (३)क संग सम्वन्धित)

बालश्रम अनुगमन फाराम

१. श्रमिकको रूपमा काममा लगाइएका बालबालिकाको विवरण

क) नाम थर :................................ जन्म मिति :....................... लिङ्ग : ................

ख) ठेगाना (स्थायी) : जिल्ला :...............गापा/नपा..................वडा नं...... टोल...........

ग) ठेगाना (अस्थायी) : जिल्ला : ...............गापा/नपा................वडा नं...... टोल...........

घ) राष्ट्रियता :...............................

ङ) बुवाको नाम :..............................पेशा .......................सम्पर्क नं..............................

च) आमाको नाम :...........................पेशा ......................सम्पर्क नं...............................

छ) सौतेनी आमा वा झडकेलो बाबु भए सौतेनी बाबुको नाम :......................... पेशा.............सम्पर्क नं..............................

ज) बाबु/आमाको बाहेक अन्य संरक्षणमा भए, संरक्षकको नाम :

झ) बालबालिकाको शैक्षिक अवस्था : ........................................................................

ञ) हुलिया :

२. बालबालिकालाई काममा लगाउनेको विवरण,

क) बालकलाई काममा लगाएको घरपरिवार, उद्योग/प्रतिष्ठान (सबै प्रकारका कलकारखाना, होटल/रेस्टुरेन्ट, व्यवसाय) को नाम :.......................................

ख) ठेगाना : ....................................................................

ग) घरपरिवार, उद्योग/प्रतिष्ठानको प्रमुख वा व्यवस्थापकको नाम :........................................

घ) सम्पर्क नं.................................

३. बालश्रम सम्वन्धी विवरण,

क) बालबालिकालाई काममा लगाइएको मिति :

ख) कामको प्रकृति/किसिमको विवरण :

ग) दैनिक काम गर्नु पर्ने समय :

घ) आरामको समय :

ङ) हप्ताभर काम गर्नु पर्ने समय (हप्ताभर काम गर्नु पर्ने घण्टामा उल्लेख) :

च) मासिक पारिश्रमिक :

४. विदाको किसिम (बार्षिक रुपमा दिइने बिदा उल्लेख गर्ने)

क) नियमित विदा............... ख) सार्वजनिक विदा....................... ग) घर विदा ...............

घ) बिरामी विद...........ङ) किरिया विदा ...............च) विशेष विदा......... छ) शैक्षिक विदा .............

५. अन्य सुविधाहरू (भएकामा चिन्ह लाउने)

क) उपदान ख) सञ्चयकोष ग) बीमा घ) औषधी उपचार ङ) खाजा भत्ता च) दशैँ भत्ता छ) अन्य

६. कार्यस्थलको विवरण (अवस्था अनुसार टिक लगाउने)

क) पिउने पानीको व्यवस्था : भएको/नभएको

ख) शौचालयको व्यवस्था : भएको/नभएको

ग) काम गर्ने ठाउँमा पर्याप्त हावा प्रकाश र उपयुक्त तापक्रम : भएको/नभएको

घ) चमेनागृहको व्यवस्था : भएको/नभएको

७. बालकको स्वास्थ्य सम्वन्धी अभिलेख

क) काममा लगाउनु पूर्व स्वास्थ्य परीक्षण : गराएको/नगराएको

ख) आवधिक रूपमा स्वास्थ्य परीक्षण : गराएको/नगराएको

८. स्वीकृति सम्बन्धी अभिलेख :

क) श्रम कार्यालयबाट स्वीकृति : लिएको/नलिएको

ख) बाबु आमाबाट स्वीकृति : लिएको/नलिएको

ग) चिकित्सकको राय (उमेर नखुलेको हकमा उमेरसमेत प्रमाणित गराई पेश गर्ने व्यवस्था मिलाउने) :...........................................................................................

९. काममा ल्याइदिने वा सिफारिस गर्ने व्यक्तिको विवरण

क) नाम थर :.............................. ख) ठेगाना :..................................

ग) सम्पर्क नं.:..........................घ) हुलिया :............................

ङ) नागरिकताको प्रमाणपत्र वा परिचय खुल्ने अन्य कागजातको प्रतिलिपि

१०. बालकमाथि कुनै अपराध भए सोको विवरण (थप गर्ने) :

क) कुटपिट ख) श्रम शोषण ग) यौन दुर्व्यवहार घ) बलात्कार ङ) गाली गलौ

११. सुरक्षासम्बन्धी व्यवस्था : (कामको प्रकृति हेरी शारीरिक दुर्घटना तथा स्वास्थ्यमा पर्न सक्ने हानीको रोकथाम गर्न व्यवस्थापन पक्षले उपलब्ध गराएको सुरक्षा सम्बन्धी व्यवस्था)......................................
..........................................................................................................................................

१२. बालबालिकाको योग्यताको प्रमाण पत्र :

१३. अन्य कुनै कुरा उल्लेख गर्नु पर्ने भए

१४. अनुगमनकर्ताको राय :

.............................................................................................................................................
...........................................................................................................................................

१५. अनुगमनकर्ताको बिवरण

| सि.नं. | नामथर | निकाय वा संस्था | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(नोट : सबै अनुगमनकर्ताहरूको विवरण उल्लेख गर्नु पर्नेछ ।

१६. बालश्रम राख्ने व्यक्ति वा प्रतिष्ठान प्रमुखको नाम...................................पद.......................

(सम्भव भए बालश्रम राख्ने व्यक्ति वा व्यवस्थापकको समेत दस्तखत गराउनु पर्नेछ)

अनुसूची–३
(दफा ६ को उपदफा (१) संग सम्वन्धित)

अनुगमन प्रतिवेदनको ढाँचा

१. पृष्ठभूमि :

२. अनुगमन गरिएको स्थान :

३. अनुगमन अवधि :

४. कार्यविधि :

क) अनुगमनको प्रकृति : नियमित/आकस्मिक/आवधिक

ख) सूचाङ्क : उमेर, कामको प्रकृति, कार्य अवस्था, सामाजिक सुरक्षा

५. बालश्रम सम्वन्धी विवरण

५.१ बालश्रमको विवरण :

| क.सं | बालबालिकाको नाम | उमेर | ठेगाना | कामको प्रकृति/क्षेत्र | रोजगारदाताको नाम, ठेगाना | पारिवारिक अवस्था | जोखिमको अवस्था | शैक्षिक अवस्था | .स्वास्थ्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

५.२ पारिश्रमिक तथा सुविधाहरु

| क.स.. | बालबालिकाको नाम | कामको प्रकृति/क्षेत्र | पारिश्रमिक | काम गर्ने अवधि | विदा | औषधि उपचार | शैक्षिक सुविधा | अन्य सुविधा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

५.३ सामाजिक तथा कल्याणकारी अवस्था

| क.सं. | बालबालिकाको नाम | कामको प्रकृति/क्षेत्र | शिक्षण संस्थाको अवस्था | स्वास्थ्य संस्थाको अवस्थिति | दुर्घटना वीमा | पिउने पानी | अग्नी नियन्त्रण प्रविधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

५.४ अन्य अवस्था :

६. बालबालिकाले सम्पादन गरेका मुख्य मुख्य कार्यहरूको विवरण :

७. निरीक्षण तथा अनुगमन गर्दा देखिएका समस्याहरू :

८. निश्कर्ष तथा सुझावहरु :

अनुसूची–४

(दफा १३ को उपदफा (१) संग सम्वन्धित)

श्रममा लगाईएका बालकालिकाहरुको व्यक्तिगत बिवरण फाराम

(१) बालकलाई काममा लगाउने व्यक्ति वा संस्थाको नाम :
(२) ठेगाना :
(३) काममा लगाइएको वा लगाउने भएको मिति :
(४) कामको किसिम वा विवरण :
(५) दैनिक काम गर्नु पर्ने समय :
(६) हप्ताभर काम गर्नु पर्ने समय (हप्ता भर काम गर्नु पर्ने घण्टामा उल्लेख) :
(७) हप्तामा पाउने विदाको बार :
(८) पारिश्रमिक अङ्क :
(९) अन्य सुविधाहरू :
(१०) बालक वा बालिकाको फोटो :
(११) बालक वा बालिकाको नाम :
(१२) ठेगाना :
(१३) उमेर :
(१४) योग्यता :
(१५) बाबु, आमा वा संरक्षकको नाम :
(१६) ठेगाना :

विवरण दिने व्यक्तिको हस्ताक्षर :.......................
नाम : ..........................
मिति ................

संस्थाको छाप :..................

अनुसूची-५

(दफा १५ को उपदफा (२) संग सम्वन्धित)

उद्दार गरिएका बालश्रमिकहरुको प्रारम्भिक अभिलेख

१. उद्दार गरिएको बालबालिकाको नाम :

२. ठेगाना :

३. उमेर :

४. अभिभावकको बिवरण :

४. श्रम गरिरहेको प्रतिष्ठान/घरको बिवरण :

५. श्रममा लगाउने व्यक्तिको नाम :

६. श्रम गरेको समय :

७. श्रमको प्रकृति

८. हालसम्म ज्याला पाएको नपाएको

१०. अन्य सुविधाहरु पाएको नपाएको

११. उद्दारपछि गरिएको सहयोगको बिवरण

१२. हालको अवस्था